मिति २०७६/०४/३१

## विषय : प्रेस विज्ञप्ती

बाँके जिल्लाको नेपालगन्ज स्थित श्री वागेश्वरी मन्दिर प्रसिद्ध, प्राचीन एवं पुरातात्वीक महत्वको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थल हो । विशेष गरी हिन्दुधर्मावलम्वीका लागि वागेश्वरी शक्तिपिठ महत्वपूर्ण तिर्थस्थल पनि हो । नेपालका मात्र नभई छिमेकी मुलुक भारत र अन्य देशका हिन्दुधर्मावम्वी एवं भक्तजनहरु पनि नियमित रुपमा यस मन्दिरमा पूजापाठ गर्न र दर्शन गर्न आउने गरेका छन् । वागेश्वरी मन्दिर समग्र नेपालकै लागि र विशेष गरी बाँकेवासीको गौरव र सान हो ।

जनप्रतिनिधिको अभावमा वि.सं.२०५९ साल देखि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बागेश्वरी मन्दिर संचालन हुँदै आईरहेकोमा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०७४/०६/१० को निर्णयानुसार ५ वर्षको पदावधी रहने गरी श्री बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समिति गठन गरी काम, कर्तव्य र अधिकार तोकी जिम्मेवारी दिईएको छ । यस समितिले आफ्नो कार्यभार सम्हाले देखिनै कुनै पनि तलवभत्ता नलिने गरी सामाजिक सेवा बमोजिम बागेश्वरी मन्दिरको हकहित र संरक्षणमा दत्तचित्त भएर आफ्नो कर्तव्य निर्वाह गर्दै आईरहेको छ । यस मन्दिरको आर्थिक, धार्मिक, सांस्कृतिक अवस्था साविकमा के कस्तो थियो ? हाल के कुन अवस्थामा रहेको छ ? बागेश्वरी मन्दिरको चल अचल श्रीसम्पतिको अवस्था के कस्तो छ ? बागेश्वरी मन्दिरको संरचनाहरु के कस्तो अवस्थामा रहेका छन् ? भावी योजना के रहेको छ ? मन्दिरलाई अझ बढी व्यवस्थित र सुदृढ कसरी बनाउन सकिन्छ ? भन्ने विषयमा सरोकारवाला सवैको राय, सुझाव, सहयोग लिई अगाडि बढ्ने उद्देश्यले यस व्यवस्थापन समितिले केही दिन भित्रै सार्वजनिकरण कार्यक्रम को आयोजना गर्न लागेको व्यहोरा सवैको जानकारीको लागि अनुरोध छ ।

वागेश्वरी मन्दिरको छेउमा मन्दिरलाई नै प्रतिकूल असर पर्ने गरी सपिङ्ग कम्पलेक्स निर्माण हुन लागेको भनी विभिन्न पत्रपत्रिका, संचार माध्ययम र सामाजिक संजालमा चासो र चिन्ता व्यक्त गरिएको कार्य प्रति यस व्यवस्थापन समितिको ध्यानाकर्षण भएको छ । सर्वप्रथमतः यस व्यवस्थापन समितिले बागेश्वरीको हाताभित्र कुनै पनि किसिमको सपिङ्ग कम्पलेक्स निर्माण नगरेको, सपिङ्ग कम्पलेक्स निर्माण गर्ने योजना पनि नरहेको र आगामी दिनहरुमा पनि सो स्थानमा कुनै पनि किसिमको सपिङ्ग कम्पलेक्स निर्माण नगरिने प्रतिवद्धता समेत जाहेर गर्दछौं ।

बागेश्वरी मन्दिरको दक्षिण पश्चिमतर्फ मन्दिरको जग्गामा नै सदियौं देखि सडक तर्फ १७ वटा सटर पसलहरु थिए भने मन्दिर तर्फ मन्दिरको पूजा अर्चना गर्दा आवश्यक पर्ने कोठाहरु रहेका थिए । सो मध्ये केही सटरकोठाहरु जीर्ण अवस्थामा समेत रहेका थिए । त्रिवेणी मोड देखि वागेश्वरी मन्दिर हुँदै घरवारीटोल जाने सडकबाटो हाल विस्तारको क्रममा रहेको छ । बागेश्वरी मन्दिरका उक्त सटरकोठाको केही भाग सडक मापदण्ड भित्र पर्न गएका कारण भत्काउनु पर्ने अवस्थाको सृजना भयो । सडक विस्तारमा सहयोग गरी मन्दिर क्षेत्रलाई अझ बढी व्यवस्थित बनाउनका लागि निश्चित मापदण्ड पूरा गरी सो स्थानका सटरकोठाहरु भत्काईएको हो ।

साविकमा मन्दिरको सटरकोठा र मन्दिरको पूजाअर्चनामा प्रयोग हुँदै आईरहेको कोठाहरु रहेको स्थानमा नै मन्दिरको आन्तरिक श्रोतबाट १७ वटा सटरकोठा, मूल महन्तको कार्यालय, विशिष्ट अतिथि कक्ष, सत्संग भवन समेत निर्माण गर्ने, पहिलेको भन्दा बढी मन्दिरको क्षेत्र खुला रहने र वागेश्वरी मन्दिरको परम्परागत मयार्दालाई यथावत राख्ने गरी निर्माण कार्यगर्न सार्वजनिक वोलपत्र आह्वान गरी ठेक्कावन्दोवस्त समेत भईसकेको अवस्था छ । सो कुराको सार्वजनिक सूचना निर्माणस्थलमा नै रहेको छ । उक्त सटर निर्माण कार्यबाट साविकमा झैं मन्दिरको सुरक्षा र गोपनियता कायम हुने छ भने मन्दिरको नियमित आम्दानीको श्रोत पनि यथावत रहनेछ । सो कोठा निर्माणबाट वागेश्वरी माताको दर्शनका लागि आउने नेपालका तथा नेपाल बाहिरका विशिष्ट व्यक्तिहरुको विश्राम तथा स्वागतका लागि उपयोगी हुनेछ । नयाँ सटर निर्माण कार्यबाट साविक देखि उक्त सटरकोठामा भाडामा वस्दै आएका व्यवसायीको हकहितको समेत सुरक्षा हुनेछ । सो सटर निर्माणकार्यबाट वागेश्वरी मन्दिरको स्वरुप, मन्दिरको सौन्दर्यकरण, मन्दिर प्रतिको जनआस्था लगायत कुनै पनि किसिमको प्रतिकूल असर नपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछौं ।

वागेश्वरी गुठी व्यवस्थापन समितिको कार्यालय मन्दिर परिसरभित्र नै रहेको छ । बागेश्वरी मन्दिर सवैको साझा संस्था हो । बागेश्वरी मन्दिर तथा बागेश्वरी गुठी व्यवस्थापन समितिको काम, कारवाहीको बारेमा जानकारी लिन चाहने जो कोहीले पनि कार्यालय तथा व्यवस्थापन समितिबाट सम्पर्क गरी जानकारी लिन हुन र वागेश्वरी मन्दिर जस्तो पवित्रस्थलको बारेमा विना आधार र प्रमाण अनावश्यक रुपमा विवाद सृजना नगरी नगराई बागेश्वरी मन्दिरको सर्वाङ्गिण विकासमा सकारात्मक सहयोग गरिदिनुहुन सवैमा सादर अनुरोध गर्दछौं ।

गोपाल प्रसाद अधिकारी
सचिव
वागेश्वरी गुठी व्यवस्थापन समित, नेपालगन्ज